प्राथमिक तहका धिमाल बालबालिकाहरुको शैक्षिक अवस्था

त्रिभूवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो बर्ष

पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयको आंशिक आवस्यकता

पूरागर्नका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

नरेन्द्रप्रसाद सुवेदी

रोल्नं. - २८०१०० (२०६२)

त्रि.वि. दर्ता नं. - १०१८२-९२



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर

काठमाण्डौ

२०६८

## सिफारिस पत्र

त्रिभूवन बिश्वबिद्यालय, बिश्वबिद्याल क्याम्पस कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन केन्द्रिय बिभाग, स्नातकोत्तर तह द्धितिय बर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि बिद्यार्थी श्री नरेन्द्रप्रसाद सुवेदीले शोध शिर्षक "**प्राथमिक तहका धिमाल जातिका बालबालिकाहरुको शैक्षिक अबस्थाको अध्ययन**" शिर्षकमा मेरो निर्देशनमा रहि शोध अध्ययन कार्य सम्पन्न गर्नु भएकोले आवस्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

प्रा. डा. तीर्थराज पराजुली

(शोधनिर्देशक)

पाठ्यक्रम तथा मूल्यांकन केन्द्रिय बिभाग

मिति २०६८।१२।२२

## स्विकृति पत्र

त्रिभूवन बिश्वबिद्यालय, बिश्वबिद्यालय क्याम्पस कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यकम तथा मूल्याकन केन्द्रिय बिभाग, स्नातकोत्तर तह द्धितिय बर्षको आंशिंक आवस्यकता पुरागर्न पाठ्यक्रम तथा मूल्याकन मूल बिषय अर्न्तगतका बिद्यार्थी श्री नरेन्द्रप्रसाद सुवेदीले **प्राथमिक तहका धिमाल वालवालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन** शिर्षकमा शोध अध्ययन पुरा गरि मूल्याङ्०कन समितिमा प्रस्तुत गर्नु भएकोले मूल्यांकन समितिवाट स्विकृति प्रदान गरिएको छ ।

### मूल्यांकन समिति

**हस्ताक्षर**

१. प्रा०डा० श्री तीर्थराज पराजुली ......................................

शोध निर्देशक

२. उप प्रा० श्री किरणराम रन्जितकार ......................................

वाह्य परिक्षक

३. उप प्रा० श्री यशोधरा पन्त ......................................

वाह्य परिक्षक

मिति २०६८।१२।३०

## आभार

त्रिभूवन बिश्वबिद्यालय, बिश्वबिद्यालय क्याम्पस कीर्तिपुर, शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह, द्धितिय बर्षको आंशिक आवस्यकता पुरागर्नका लागि **प्राथमिक तहका धिमाल बालबालिकाहरुको शैक्षिक अबस्था** शिर्षक राखेर गरिएको यस अनुसन्धानात्मक अध्ययनमा आवस्यक सहयोग पुर्‍याउने धिमाल जातिका अभिभाबकहरु, बिद्यार्थी भाइ बहिनीहरु, संबन्धित शिक्षकहरु, प्र. अ. हरु, बिद्यालय ब्यबस्थापन समिति र शिक्षक अभिभाबक संधका पदाधिकारीहरु तथा अन्य सबैमा आभार ब्यक्त गर्न चाहन्छु ।

यस शोध अध्ययन तथा बिश्लेषणका क्रममा आफ्ना अमूल्य सल्लाहसुझाब तथा निर्देशन प्रदानगरी यस अनुसन्धानलाई सफलता सम्म पुर्‍याउन बिषेश सहयोग पुर्‍याउनु भएकोमा मेरा गुरु तथा यस अनुसन्धानका निर्देशक प्रा० डा० श्री तीर्थराज पराजुलीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यस्तै यस शोध अध्ययन र तयारीका क्रममा आवस्यक महत्वपूर्ण सहयोग पुर्‍याउने मेरो बुबा दाता राम सुवेदी, आमा साबित्रा सुवेदी, मेरी जीबन संगिनी जानुका र छोरा **जनम**लाई पनि धन्यबाद प्रदान गर्दछु । साथै काठमाण्डौमा कम्प्यूटर टाइप लगायतका सम्पूर्ण कार्यमा सहयोग पुर्‍याउने भाइ घनश्याम र बुहारी योजनालाई समेत धन्यवाद प्रदान गर्न चाहन्छु ।

**नरेन्द्रप्रसाद सुवेदी**

**(शोधार्थी)**

## शोधसार

**धिमाल जातिका प्राथमिक तहका वालवालिकाहरुको शैक्षिक अवस्था अध्ययन** शिर्षकमा गरिएको यो सोध कार्यको मुख्य उद्देश्य धिमाल जातीका प्राथमिक तहका वालवालिकाहरुको शैक्षिक अवस्था, शैक्षिक समस्या, शैक्षिक सहभागिता, भर्नादर, उपस्थिति, उर्तिणदर, कक्षा छाड्नेदर, कक्षा दोहोर्‍याउने् दर, शैक्षिक उपलब्धि स्तर, शैक्षिक अवस्था कमजोर हुने कारणहरु पत्ता लगाई सुधारका उपयुक्त उपायहरु पत्ता लगाउने थियो ।

यो अध्ययनको अध्ययन क्षेत्र मोरङ्ग जिल्लाको उर्लावारी गा.बि.स.का धिमाल जातीको बसोबास भएका ३,४,६,७ वडाहरु थिए । उक्त वडाहरुमा भएका सामूदायिक विद्यालयहरू श्री सुनपकुवा मा.वि., श्री राधिका मा.वि. र श्री दुर्गा प्रा.वि. तथा संस्थागत विद्यालयहरू श्री सन साइन, श्री हिमालय र श्री भृकुटी मोडेल आ.मा.वि.हरूबाट प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक, संवेगात्मक, सामाजिक आदि पक्षसँग सम्बन्धित तथ्य तथ्यांक संकलन गरिएको थियो । अध्ययनमा नमूना जनसंख्याको रुपमा ४५ जना वालवालीकाहरु, ६ जना प्र.अ.हरु, १० जना शिक्षकहरु, विद्यालयका बि.व्य.स. अध्यक्षहरु र PTA संयोजकहरु छानीएका थिए । विधार्थीहरुको शैक्षिक पक्षमा भएका राम्रा र नराम्रा कुराहरुका वारेमा शिक्षक, प्र०अ०, अभिभावक, विद्यार्थी, वि. व्य. स. अध्यक्ष, पि. टि. ए. संयोजक आदि विभिन्न पक्षहरु संग छलफल गरिएको थियो । धिमाल जातिका मानिसहरुको शैक्षिक र अन्य विभिन्न पक्षहरु संग संम्वन्धि पूर्व साहित्यहरुको विस्तृत अध्ययन यस अनुसन्धानमा समेटिएको छ ।

अध्ययन क्रममा धिमाल बालबालिकाहरु मध्ये बिद्यालय जान उमेर पुगेका सवै कुनै न कुनै रुपमा विद्यालयमा भर्ना भएको पाइयो, तर पछि विभिन्न कारणहरुले उनीहरु विद्यालय शिक्षाबाट अलग्गिएका देखिन्छ । २०६५ शैक्षिक सत्रमा ९० जना धिमाल बालबालीका विद्यालय भर्ना भएकामा ८० जना कक्षा चढेको देखिन्छ र बाँकी १० जना मध्ये ७ जनाले त्यही कक्षामा दोहोऱ्याएको र बाँकी ३ जना चाहिँ यस अनुसन्धानमा छनोट गरिएका नमूना विद्यालयहरुमा भर्ना नभएको पाइयो । बालबालिकाहरुको शैक्षिक उपलब्घि न्युन हुनु तथा कक्षा दोहोऱ्याउने मुख्य कारण अभिभावकहरुको वेवास्ता र चेतनाको कमि, शिक्षकहरुले पृष्ठपोषण प्रदान नगरी शिक्षण गरेको तथा कमजोर विद्यार्थीहरुलाई वेवास्ता गरेको, बालबालिकाहरु अनियमित तरिकाले विद्यालय जाने तथा पढाइमा ध्यान नदिने गरेको, अभिभावकहरुको आर्थिक अवस्था कमजोर भएका जस्ता विभिन्न कारणहरु जिम्मेवार रहेको कुरा यस अनुसन्धानका क्रममा थाहा भएको छ ।

धिमाल वालवालिकाहरुको शैक्षिक स्तरमा सुधार गर्न अभिभावकहरु चेतनशिल र संवेदनशिल हुनु पर्ने, शिक्षकहरुले आफ्नो जिम्मेवारी पुरा गर्न कुनै कसर बाँकी राख्न नहुने, शिक्षणको उपयुक्त र प्रभावकारी बिधी अवलम्वन गर्नु पर्ने, विद्यालयहरुले अफ्ना विद्यार्थीहरुलाई नियमित गराउने कार्यक्रम ल्याउनु पर्ने तथा विपन्न वर्गको आर्थिक स्तर सुधार गर्न समाज/राष्ट्रले सहयोग गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## विषय-सूची


| | शीर्षक | | पृष्ठ |
|---|---|---|---|
| **अध्याय - एक :** | | **परिचय** | १ |
| | १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| | १.२ | जाति परिचय | २ |
| | १.३ | अध्ययन क्षेत्रको परिचय | ३ |
| | १.४ | समस्याको कथन | ३ |
| | १.५ | अध्ययनको औचित्य | ४ |
| | १.६ | अध्ययनको उद्देश्य | ५ |
| | १.७ | अनुसन्धान प्रश्नहरू | ५ |
| | १.८ | अध्ययनको सिमाङ्कन | ५ |
| **अध्याय - दुई :** | **सम्वन्धित साहित्यको पुनरावलोकन** | | ७ |
| | २.१ | अवधारणात्मक ढाँचा | ९ |
| **अध्याय - तीन :** | **अध्ययन विधि** | | १० |
| | ३.१ | अनुसन्धान ढाँचा | १० |
| | ३.२ | सूचना संकलनका स्रोतहरू | १० |
| | ३.३ | नमूना छनौट प्रक्रिया | १० |
| | ३.४ | साधनको निर्माण | ११ |
| | ३.५ | साधनको विश्वसनियता र वैधता | १२ |
| | ३.६ | तथ्यांक संकलन प्रक्रिया | १३ |
| **अध्याय - चार :** | **तथ्यांकको व्याख्या र विश्लेषण** | | १४-२९ |
| | **४.१** | **धिमाल जातीको अवस्था** | १४ |
| | ४.१.१ | परिवारको जनसंख्याको अवस्था | १४ |
| | ४.१.२ | परिवारको पेशा | १५ |

| | | | |
|---|---|---|---|
| | ४.१.३ | परिवारको आकार र बालबालीकाको शैक्षिक अवस्था | १५ |
| | ४.१.४ | परिवारको शैक्षिक अवस्था | १६ |
| | ४.१.५ | विद्यार्थीहरूको घरको अध्ययनको समय | १७ |
| | ४.१.६ | बिचैमा कक्षा छोड्ने बारे अभिभावकको धारणा | १८ |
| | **४.२** | **शैक्षिक सहभागिता** | १९ |
| | ४.२.१ | भर्नादर | १९ |
| | ४.२.२ | उपस्थिति | २० |
| | ४.२.३ | उत्तीर्ण दर | २१ |
| | ४.२.४ | कक्षा छाड्ने दर | २१ |
| | ४.२.५ | कक्षा दोहोऱ्याउने दर | २३ |
| | ४.२.६ | कक्षा कार्य, गृहकार्य र विद्यार्थी सक्रियताको अवस्था | २४ |
| | ४.२.७ | अतिरिक्त क्रियाकलापमा सहभागिता | २५ |
| | ४.२.८ | अनुशासन | २६ |
| | **४.३** | **शैक्षिक उपलब्धी स्थिति** | २६ |
| | ४.३.१ | परीक्षामा सहभागि दर | २७ |
| | ४.३.२ | परिक्षा नतिजा र उपलब्धी स्तर | २७ |
| | ४.३.३ | शैक्षिक अवस्था कमजोर हुने कारण | २८ |
| अध्याय - पाँच : | **प्राप्ती, निष्कर्ष र सुझावहरू** | | ३०-३४ |
| | ५.१ | प्राप्ती | ३० |
| | ५.२ | निष्कर्ष | ३२ |
| | ५.३ | सुझावहरू | ३३ |
| | **अनुसूचिहरु** | | |
| | **सन्दर्भ ग्रन्थ सूची** | | |

# तालिका सूचि


| तालिका नं. | बिवरण | पेज नं. |
|---|---|---|
| ४.१ | परिवारको जनसंख्याको अवस्था | १४ |
| ४.२ | परिवारको पेशा | १५ |
| ४.३ | परिवारको आकार र वालवालिकाहरुको शैक्षिक अवस्था | १६ |
| ४.४ | अभिभावकहरुको शैक्षिक अवस्था | १७ |
| ४.५ | बालबालीकाको घरमा अध्ययान समय | १८ |
| ४.६ | वालवालिकाहरुको भर्नादर | १९ |
| ४.७ | वालवालिकाहरुको उपस्थिति | २० |
| ४.८ | वालवालिकाहरुको उर्तिणदर | २१ |
| ४.९ | वालवालिकाहरुको कक्षा छाड्नेदर | २२ |
| ४.१० | कक्षा छाडने कारण र प्रतिकृया | २२ |
| ४.११ | कक्षा दोहोर्‍याउने दर | २३ |
| ४.१२ | कक्षा दोहोर्‍याउन कारण | २४ |
| ४.१३ | कक्षाकार्य र गृहकार्यमा सकृयता | २४ |
| ४.१४ | अतिरिक्त कृयाकलापमा सकृयता | २५ |
| ४.१४(क) | अनुशासनको अवस्था | २६ |
| ४.१५ | वालवालिकाहरुको परिक्षामा सहभागिता | २७ |
| ४.१६ | वालवालिकाहरुको परिक्षा उपलब्धि स्तर | २७ |
| ४.१७ | शैक्षिक उपलब्धि स्तर कमजोर हुने कारण | २८ |

## संक्षिप्त शब्दावलि

**यस अनुसन्धान भित्र निम्न अनुसारका संक्षिप्त शब्दिावलि रहेका छन्**

| | |
|---|---|
| बि.व्य.स. | बिद्यालय व्यवस्थापन समिति |
| गा.बि.स. | गाउ बिकास समिति |
| शै. श. | शैक्षिक सत्र |
| प्र.अ. | प्रघानाध्यापक |
| मा.बि. | माध्यमिक बिद्यालय |
| प्रा. बि. | प्राथमिक बिद्यालय |
| आ.मा.बि. | आवासिय माध्यमिक बिद्यालय |
| ज.सं. | जनसख्या |
| सं. | संख्या |
| बि.स. | बिक्रम संबत |
| P.T.A. | Parents Teacher Association |
| R. P. | Resource person |
| S I P | School Improvement Plan |